**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ५ गते आइतबार ❑ 21 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखराको विन्ध्यवासिनी मन्दिरमा नवदुर्गा महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

पोखराको प्रसिद्ध धार्मिक तीर्थस्थल विन्ध्यवासिनी मन्दिरमा नवदुर्गा महोत्सव हुने भएको छ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा यही असोज ६ गते घटस्थापनादेखि १५ गते महानवमीसम्म नवदुर्गा महोत्सव सञ्चालन हुन लागेको समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार महोत्सवमा श्रीमद्देवी भागवत ज्ञान महायज्ञ सञ्चालन गरिने छ।

यस अवधिमा प्रत्येक दिन बिहान ९:०० देखि मध्याह्न १२:०० बजेसम्म महायज्ञ सञ्चालन हुनेछ। त्यस्तै सतचण्डी महानुष्ठान बिहान ६:०० देखि ९:०० बजेसम्म हुनेछ भने भजनकीर्तन अपराह्न २:०० देखि ४:०० बजेसम्म गरिने समितिले जनाएको छ । विजया दशमीको अवधिभर मन्दिरमा नित्य पूजा बिहान ४:०० देखि प्रारम्भ भई भक्तजनहरूको दर्शनका लागि मन्दिर ५:०० बजेदेखि खुला गरिनेछ। साथै प्रत्येक साँझ ६:०० बजे आरती गरिनेछ । महायज्ञका वाचकका रूपमा श्रीकृष्णनुरागी पण्डित पशुपति पौडेल रहनुहुने जनाइएको छ । विजयादशमीको पावन अवसरमा २०६४ सालदेखि विध्यवासिनी नवदुर्गा महोत्सवको आयोजना गर्दै आइएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । महोत्सवका अवसरमा विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा र श्रीमद्देवी भागवत ज्ञान महायज्ञ गरिँदै आइए पनि यस वर्ष भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका कारण पूर्वतयारीमा बाधा पुग्न गएकाले शोभायात्रा भने स्थगित गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। अढाई शताब्दीअघि देखि नै पूजाआजा हुँदै आइएको मानिने यस मन्दिरको स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहको पालामा भएको भनाइ छ । मन्दिरको संरक्षण विकास र प्रवर्द्धन गर्ने उद्देश्यका साथ २०४३ सालमा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको गठन गरिएको थियो । समितिको गठनपश्चात् यस धार्मिक क्षेत्रमा भौतिक पूर्वाधारहरूको निर्माण, सौन्दर्यकरण, सामाजिक, धार्मिक तथा आध्यात्मिक जागरणसम्बन्धी कार्यहरू हुँदै आएका छन् । समितिले विन्ध्यवासिनी दर्शन गर्न पोखरा आउने श्रद्धालु भक्तजनहरूबाट प्राप्त भेटी तथा दान दातव्यलाई जनहितको कार्यमा प्रयोग गर्दै आएको छ । दाताहरूको सहयोगमा समितिबाट विन्ध्यवासिनी मन्दिर परिसरमा शिव मन्दिर, राधाकृष्ण मन्दिर, विन्ध्यवासिनी गुरुकुल भवन, सन्त निवास, विन्ध्यवासिनी बहुद्देश्यीय सभा-भवन, प्रदक्षिणा पथ, विन्ध्यवासिनी मन्दिर परिसरमा ढुङ्गा छपाइ, विन्ध्यवासिनी मन्दिर र गणेश मन्दिरमा पित्तलद्वारा कलात्मक सजावट र पित्तलको द्वार निर्माण आदि गरिएका छन् ।



त्यस्तै भक्तजनहरूको सुविधा र सौन्दर्यकरणका लागि प्रदक्षिणा पथ, शौचालयहरू, कीर्ति स्तम्भ, पानीका लागि बोरिङ तथा खानेपानी भण्डारणका लागि ४० हजार लिटर क्षमताको टङ्की, जलधारा, शुद्ध पिउने पानी, विशाल त्रिशूल र शक्ति ध्वजा र विशाल कमण्डलुका साथै विन्ध्यवासिनी वाटिका निर्माण गरी त्यसमा पानीको फोहोरा र शिवानन्द कुण्डको निर्माणलगायतको धेर काम गरिसकिएको छ। मन्दिरमा २०५१ सालमा स्थापित विन्ध्यवासिनी गुरुकुल विद्याश्रममा कक्षा ६ देखि १० सम्म निःशुल्क आवासीय रूपमा अध्यापन हुँदै आएको छ। गुरुकुललाई कक्षा १२ सम्म विस्तार गर्ने योजनाअनुरूप विन्ध्यवासिनी गुठीको हक-भोग स्वामित्वको पोखरा महानगरपालिका-१८ स्थित २६ रोपनी क्षेत्रफल जग्गामा भवन निर्माण गर्ने कार्य झण्डै अन्तिम चरणमा पुगेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । मन्दिरमा आउने ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा गर्भवती महिला समेतको सुविधालाई ध्यानमा राखेर मन्दिरमा सहज पहुँचको व्यवस्थाका लागि लिफ्टको स्थापना गरिएको छ।

समितिले सेवा कार्यलाई प्राथमिकता दिँदै ज्येष्ठ नागरिकहरूका लागि दिवा सेवा उपलब्ध गराउने उद्देश्यले २०७२ सालबाट विन्ध्यवासिनी ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्नाका साथै एम्बुलेन्स सेवा पनि सञ्चालन गरिएको छ।

त्यस्तै प्राकृतिक चिकित्सा पद्धतिका आधारमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय सञ्चालनमा ल्याइएको छ । यसको भौतिक पूर्वाधार निर्माण कार्य जारी रहेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । विभिन्न पर्व उत्सवका पूजन धार्मिक आध्यात्मिक जागरण तथा संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ विभिन्न पर्वहरूका उपलक्ष्यमा विशेष पूजनोत्सव आयोजना गर्ने गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार साउनमा शिव पूजनोत्सव, गणेश चौथीमा गणेश पूजनोत्सव, श्रीपञ्चमीमा सरस्वती पूजनोत्सव, श्रीकृष्ण जन्माष्टमीमा श्रीकृष्ण जनमोत्सव, राम नवमी, हनुमान जयन्ती, शिवरात्रिमा विशेष कार्यक्रमहरू हुँदै आएका छन् ।

## आन्दोलनका क्रममा भागेका छ हजार ३२८ कैदीबन्दीलाई फर्काइए, आठ हजार २२६ फरार

**रासस**
काठमाडौं, ४ असोज

'जेनजी' प्रदर्शनका क्रममा तोडफोड र आगजनी गरी कारागार र सुधारगृहबाट भागेकामध्ये हालसम्म छ हजार ३२८ जना कैदीबन्दी फर्किएका छन् ।

कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेले दैनिकजसो नै कैदीबन्दीहरू फर्किरहेको बताउनुभयो । उहाँका अनुसार कतिपय गल्ती भयो भनेर आफैँ फर्किरहेका छन् भने कतिपय प्रहरीले पक्राउ गरेर ल्याइएका छन् । पछिल्लो एक दिनमा मात्रै एक सय ४९ जनालाई फर्काइएको छ। गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा देशभरका २८ कारागार तथा नौ वटा बालसुधार गृहबाट गरी १४ हजार ५५५ कैदीहरु भागेका थिए। अझै आठ हजार २२६ जना सम्पर्कमा नआएकाले खोजीकार्य भइरहेको निर्देशक न्यौपानेले बताउनुभयो।

उहाँका अनुसार कारागारबाट १३ हजार ५९१ र सुधारगृहबाट नौ सय ६४ जना भागेका थिए । सम्पर्कमा आएकामध्ये कारागारबाट भागेका पाँच हजार ९८७ तथा सुधारगृह तर्फका तीन सय ४१ जना रहेका छन् । आन्दोलनका क्रममा नेपाल प्रहरीले हिरासतमा रहेका करिब दुई हजार आरोपीसमेत फरार रहेका जनाएको छ । उनीहरूको खोजी जारी रहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । देशभर ३० हजार छ सय ३४ कैदीबन्दी रहेकामा आन्दोलनपछि हाल २१ हजार ९९९ जना मात्रै कैदी बन्दी रहेका छन् ।

## तुइन खोलाको पहिरो अझै पन्छाउन सकिएन

**रासस**
चितवन, ४ असोज

नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत तुइन खोलामा खसेको पहिरो अझैसम्म पन्छाउन सकिएको छैन । शुक्रबार साँझदेखि पहिरो खसेर अवरुद्ध बनेको राजमार्ग सञ्चालन नहुँदा यात्री अलपत्र परेका छन् ।

शुक्रबार साँझदेखि खसेको पहिरो निरन्तर पन्छाउने काम भइरहे पनि पूर्ण रूपमा पहिरो पन्छाउन आइतबारसम्म लाग्ने सडक डिभिजन कार्यालय चितवनले जनाएको छ । शनिबार साँझसम्म पहिरो पन्छाउँदा पहिरो खस्ने क्रम जारी रहेको जनाउँदै कार्यालयका प्रमुख नारायण लामिछानेले ठूलो पहिरो भएकाले रातको समयमा काम गर्न कठिन हुने बताउनुभयो । शनिबारका लागि पहिरो पन्छाउने काम रोकिएको छ । आइतबार बिहानदेखि पहिरो पन्छाइने जनाइएको छ । पहिरो पन्छाउनका लागि मुग्लिनतर्फबाट तीन वटा र नारायणगढबाट दुई वटा साधन परिचालन गरिए आज साँझ ६:३० बजे पुनः पहिरो खसेपछि काम रोकिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख लामिछानेका अनुसार आइतबार बिहान पुनःपहिरो पन्छाउने गरी आजका लागि काम रोकिएको हो। शुक्रबार साझ ६:०० बजेदेखि गएको पहिरोका कारण अलपत्र परेका यात्रुलाई जिल्ला प्रशासन कार्यालयको सक्रियतामा शनिबार खाद्यान्न सहयोग गरिएको छ । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित सुरक्षा निकायका प्रमुखको उपस्थितिमा यात्रुहरूलाई भूजा, चिउरा, बिस्कुट, चाउचाउ, पानीलगायत खाद्यान्न वितरण गरिएको हो। प्रमुख जिल्ला अधिकारी अर्यालका अनुसार एक हजार ५०० यात्रुलाई पुग्ने खाद्यान्न वितरण गरिएको छ । आफ्नो कार्यक्षेत्रभित्र रहेर सडकमा अलपत्र रहेका यात्रुलाई खाद्यान्न सहयोग गरिएको उहाँले बताउनुभयो।

यस सडक भएर गुड्ने सवार ासाधनलाई वैकल्पिक मार्गको प्रयोग गर्न जिल्ला प्रशासन कार्यालय चितवनले आग्रह गरेको छ। थप पहिरो नखसेमा आइतबार मध्यान्नसम्ममा सडक सञ्चालन गर्न सकिने प्रजिअ अर्याले अनुमान गर्नुभयो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## जेनजी आन्दोलनमा २० अर्ब ७० करोड बराबरको बीमा दावी

**रासस**
काठमाडौं, ४ असोज

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा उत्पन्न विषम परिस्थितिका कारण भौतिक संरचनामा पुगेको क्षतिको हालसम्म रु २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ बराबरको बीमा दावी भएको छ।

जेनजी पुस्ताको आन्दोलनका क्रममा सरकारी तथा निजी भौतिक संरचनामा क्षति पुगेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार विभिन्न १८ वटा निर्जीवन बीमा कम्पनीमा बीमा दावी भएको छ । प्राधिकरणका अनुसार दि ओरियन्टल इन्स्योरेन्स कम्पनीमा कूल ४० वटा बीमा दावी परेको छ । त्यसको कूल दावी रु पाँच अर्ब १४ करोड ७९ लाख ६५ हजार बराबर छ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीमा २५८ को रु चार अर्ब ९३ करोड २२ लाख ७९ हजार ५००, शिखर इन्स्योरेन्स कम्पनीमा ३६६ वटा बीमा दावी परेको छ। कूल दावी भने रु दुई अर्ब ३९ करोड चार लाख ७७ हजार ७६४ रहेको छ। आइजिआइ प्रुडेन्सियल इन्स्योरेन्समा २४ वटा बीमा दावी परेको छ । सो कम्पनीमा रु एक अर्ब ५९ करोड छ लाख ८० हजार ८०० बराबरको बीमा दावी परेको प्राधिकरणले जनाएको छ।

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीमा २३३ वटा बीमा दावी छ। रु एक अर्ब ४७ करोड ५५ लाख ३१ हजार ६६६ बराबरको माग भइआएको छ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा १९६ वटाको आवेदन पर्दा रु एक अर्ब १५ करोड ६२ लाख ८२ हजार ९७९ बराबरको बीमा दावी परेको छ । नेको इन्स्योरेन्समा ४० वटाको रु एक अर्ब नौ करोड ५३ लाख ६५ हजार २०७ बराबरको माग भएको छ । सानिमा जिआईसीमा १२९ वटाको रु ७८ करोड ९३ लाख ७९ हजार बराबरको दावी छ। राष्ट्रिय बीमा कम्पनीमा १७२ वटाको रु ४९ करोड ५१ लाख बराबरको बीमा माग भएको छ । युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडमा १७० वटाको रु ४८ करोड ७४ लाख ७५ हजार ३६०, नेपाल इन्स्योरेन्स कम्पनीमा ७९ वटाको रु ४६ करोड ९४ लाख ९८ हजार बराबरको बीमा दावी परेको छ । एनएलजी इन्स्योरेन्स कम्पनीमा १५१ वटाको रु ३८ करोड ५८ लाख २२ हजार, प्रभु इन्स्योरेन्समा ६९ वटाको रु १९ करोड १८ लाख बराबरको बीमा दावी भएको छ । नेशनल इन्स्योरेन्स कम्पनीमा १९ वटाको रु छ करोड ८२ लाख ९० हजार ७५६ बराबरको दावी परेको छ। प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीमा नौ वटाको रु एक करोड १३ लाख २२ हजार ८००, स्टार माइक्रो इन्स्योरेन्स कम्पनीमा छ वटाको रु ६७ लाख सात हजार ६५०, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीमा १५ वटाको रु ५६ लाख ३६ हजार, ट्रष्ट माइक्रो इन्स्योरेन्समा आठ वटाको रु ४२ लाख बराबरको बीमा दावी भएको छ । प्राधिकरणका अनुसार हालसम्म एक हजार ९८४ वटा बीमा दावी भएको छ। नेपाल निर्जीवन बीमा व्यवसायी सङ्घले आन्दोलनका क्रममा भएको क्षतिको दावी भुक्तानी प्रक्रीया शीघ्र निष्कर्षमा पुऱ्याउन प्रतिवद्ध रहेको जनाएको छ । बीमा गरेका सवारी साधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्वन्धित निकायमा प्रक्रियाअघि बढाउन सङ्घले आग्रहसमेत गरेको छ।

वर्तमान अवस्थामा बीमाको महत्व झनै बढेको सन्दर्भमा, बीमा कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्दै बीमितको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया तीव्र रूपमा अगाडि बढाइरहेको सङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । बीमित सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र मूल्याङ्कन गरी, क्षति विवरणको आधारमा दावी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्याङ्जामा पहिरोबाट ६ घरगोठ जोखिममा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ असोज

पाँच दिनदेखि परेको अविरल वर्षाका कारण स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका-३ चिचीकुनाका ६ घरगोठ जोखिममा परेका छन् । घरनजिकै वर्षासँगै जान लागेको पहिरोले चिचीकुना बस्ती जोखिम परेको हो ।

स्थानीय ईश्वरीप्रसाद मरासिनी, भवानी मरासिनी, पिताम्बर मरासिनी, हुमाबती दोरङ्गा, भवानीदत्त दोरङ्गा र नवीन दोरङ्गाको घर तथा गोठहरु बस्न नहुने अवस्थामा पुगेका छन् । पानी पर्नेक्रम नरोकिएको जनाउँदै तत्कालका



लागि बस्तीमा नबस्न सुझाव दिँदै नगरपालिकाले अस्थायी बाससहित आवश्यक सहयोग गर्ने जनाएको छ ।

एउटा बस्ती नै जोखिममा देखिएको जनाउँदै भूगर्भविद बोलाएर जमिन परीक्षण गरेर मात्र बस्न उपयुक्त छ वा छैन एकिन गरिने प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले बताए । विपद् ब्यवस्थापन समितिको बैठकले भूगर्भविद झिमाई जमिनको जाँचबुझ गर्ने निर्णय गर्ने जिल्लास्तरीय विपद ब्यवस्थापन समितिका संयोजक अर्यालले जनाए । तत्कालका लागि आफन्त तथा नजिकको सुरक्षित स्थान खोजेर बस्न सुझाब दिएको अर्यालले बताए ।

सबै घरपरिवारले भैंसीपालन गर्दै आइएको छ भने भैसी, बाख्रालगायतका बस्तुभाउ र अन्नपात समेत रहेकाले तत्काल घर छाडेर निस्कन समस्या रहेको पहिरो पीडितको भनाई छ । यस्तै, वर्षाले पहिरोजाँदा राङखोला बिरुवा सडक अबरुद्ध भएको छ भने कोल्मा काउले सडक समेत अबरुद्ध रहेको छ । अविरल परेको वर्षाले सिद्धार्थ राजमार्गको ठाउँठाउँमा पहिरो गएको छ । ग्रामीण सडकहरु समेत पहिरो क्षतबिक्षत भएका छन् ।

# बजेट अभावमा अलपत्र अस्पताल

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असोज



चार वर्ष अगाडि निर्माण सुरु भएको निसीखोला आधार भूत अस्पताल बजेट अभावमा अलपत्र परेको छ ।

विसं २०८० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको उक्त अस्पताल पर्याप्त बजेट नआउँदा अलपत्र परेको हो । निसीखोला गाउँपालिका-४ झिम्पामा बन्दै गरेको १० शय्याको आधारभूत अस्पताल निर्माणका लागि लागि विसं २०७८ साल माघ २० गते सम्झौता भएर काम सुरु भएको थियो । रु आठ करोड २४ लाखमा निर्माण सुरु भएको अस्पताल विसं २०८० पुसमा सम्पन्न गर्ने गरी निर्माण सुरु भएको थियो । हालसम्म ८० प्रतिशत मात्रै काम सकिएको हिन्दुङ आइएस/एसी जेबी कन्ट्रक्सनका प्रमुख दीपककुमार अदैले जनाकारी दिनुभयो । बजेट नआउँदा एक वर्षदेखि काम रोकिएको उहाँको भनाइ छ । पालिकाबाट भुक्तान गर्न बाँकी रहेको रु एक करोड १० लाखसहित थप रु ६० लाख व्यवस्थापन गर्नसके काम गर्न समस्या नहुने उहाँ बताउनुहुन्छ । लामो समयसम्म काम गरेको भुक्तानी नपाउँदा समस्या परेको अदैले सुनाउनुभयो । पालिकाले बजेट व्यवस्थापन गरेको भए अघिल्लो वर्षनै अस्पताल सम्पन्न भई सक्ने उहाँको भनाइ छ । पोहोर सालनै सकिनुपर्ने अस्पतालको काम बजेट नआएपछि गत असार मसान्तसम्म म्याद थप भएको थियो । बजेट नआएसम्म काम गर्न नसकिने अदै बताउनुहुन्छ ।

अदैले भन्नुभयो, “यो अस्पतालको काम अब धेरै छैन, रङरोघन, विद्युत् जडान र फिनिसिङको काम बाँकी छ, बजेट हुने हो भने केही समयमै काम सम्पन्न हुने थियो, तर पालिकाले अहिलेसम्म करोड बढीको रकम भुक्तानी गरेको छैन, त्योबाहेक अझै थप बजेट आवश्यक पर्छ, त्यसको व्यवस्थापन गर्नसके काम अगाडि बढ्थ्यो, बजेट नआउँदा काम गर्न सकिएन ?” निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुनमगरले रु एक करोड ५० लाख सङ्घीय सरकारबाटनआउँदाकामअलपत्र परेको बताउनुभयो । सङ्घीय सरकारअन्तर्गतको योजना रहेको हुँदा पालिकाले बजेट हाल्न नमिल्ने उहाँको भनाइ छ । बजेट व्यवस्थापनका लागि स्वास्थ्य र अर्थमन्त्रालयमा पत्र पठाए पनि अहिलेसम्म उपलब्ध हुन नसकेको पुनमगरले बताउनुभयो । अहिले पनि बजेटका लागि पहल भइरहेको उहाँ बताउनुहुन्छ ।

# एल.जि. युकेको सहयोगमासहारा एकेडेमीको बालकहरुलाई ट्र्याक सुट हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

लालीगुराँस एशोसियसन एल.जि. युकेको सहयोगमा सहारा एकेडेमीका बालकहरुलाई ट्र्याक सुट प्रदान गरिएको छ ।

एल. जि. एशोसियशन नेपालका संस्थापक एवम् एल. जि. फेष्ट कार्यक्रम युकेका संयोजक राजेन्द्र गुरुङ (कान्छा) को पहलमा युकेमा आयोजित एल.जि. फेष्टमा संकलित रकमबाट सामाजिक कार्य अन्तर्गत एल.जि. एशोसियशन नेपालका अध्यक्ष डम्मर जंग गुरुङको सहकार्यमा पोखरा १७ दोबिल्लामा रहेको सुर्यबहादुर केसी स्मृति सहारा आवसिय फुटबल एकेडेमीमा रहेका ३० जना बालकहरुलाई ट्र्याक सुट प्रदान गरिएको हो ।



सो अवसरमा वोल्दै एल. जि. एशोसियशन नेपालका अध्यक्ष डम्मर जंग गुरुङले एल.जि. एशोसियसनले एलजी फेष्टको आयोजना गरि सामाजिक कामहरु गर्दै आइरहेको सन्दर्भमा हालै युकेमा सम्पन्न एलजी फेष्टमा संकलित रकमबाट पोखराको सहारा एकेडेमी रहेको बालकहरुलाई ट्र्याक सुट वितरण गरिएको बताए ।

त्यस्तै एलजि एशोसियसनका वरिष्ठ सल्लाहकार सुनिल गुरुङले एल जि एशोसियनले स्वदेश तथा विदेशमा समेत संगठित भइ एलजि फेष्टको आयोजना गरि नेपालमा सामाजिक कामलाई निरन्तरता दिएकोमा धन्यवाद ब्यक्त गर्दै एलजिको सामाजिक काममा सधै साथ र सहयोग रहने प्रतिवद्धता ब्यक्त गरे । सो अवसरमा सहारा क्लवका अध्यक्ष केशवराज बरालले एल. जि. एशोसियशन पोखराका संस्थापक राजेन्द्र गुरुङ (कान्छा) लगायत सम्पूर्ण एल. जि. एशोसियशन परिवार प्रति धन्यवाद प्रकट गरे ।

सो अवसरमा एलजि एशोसियसनका सल्लहाकार चन्द्रमान गुरुङ, सन्तोष कार्की र सदस्य नसिव गुरुङ, संगम क्लब पोखराका पूर्व अध्यक्ष राजु गुरुङको उपस्थिति रहेको थियो भने क्लबको तर्फबाट अध्यक्ष केशबराज बराल, वरिष्ठ उपाध्यक्ष एवम् एकेडेमी संयोजक पूर्ण गुरुङ, पूर्व अध्यक्षहरु विक्रम थकाली, केशबबहादुर थापा, हरिराम गुरुङ, उपाध्यक्ष चित्रबहादुर पुन, कोषाध्यक्ष बिनु राना, कार्य समिति सदस्य अमर राजभण्डारी, एकेडेमी व्यवस्थापन समितिको सह संयोजक विश्वराज बराल, सदस्य लिलबहादुर थापाको उपस्थिति रहेको थियो ।

# झोलुङ्गे पुल निर्माणपछि एक सय ५६ परिवार लाभान्वित

**पोखरापत्र संवाददाता**
दमौली, ४ असोज

तनहुँको भानु नगरपालिकाका दुई वडा जोड्ने ढाँडखोला निबुस्वाँरामा झोलुङ्गे पुलनिर्माणपश्चात् आवतजावतमा सहज भएको छ ।

पुल अभावमा समस्या भोगिरहेका यस भेगका जनताको माग सम्बोधन गर्दै यहाँ गत वर्षको असारमा पुल निर्माण गरिएको थियो । भानु नगरपालिका, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम र गण्डकी प्रदेश सरकारको सहयोगमा भानु नगरपालिका-१ साखेटार र वडा नं ५ ढाँडखोला जोड्ने गरी पुल निर्माण गरिएको हो ।

सङ्घीय सरकारको ८५ प्रतिशत, स्थानीय सरकारको १३ र स्थानीय उपभोक्ताको दुई प्रतिशत साझेदारीमा पुल निर्माण गरिएको भानु नगरपालिका-५ का वडाध्यक्ष नहकुल अधिकारीले जानकारी दिनुभयो । कूल रु ७१ लाख ३१ हजार ५१८ को लागतमा पुल निर्माण गरिएको हो । यसमा नगरपालिकाबाट रु नौ लाख ३० हजार ४९७, झोलुङ्गे पुल क्षेत्रफल कार्यक्रमबाट रु ५४ लाख ७९ हजार ४६, गण्डकी प्रदेश सरकारबाट रु पाँच लाख ८२ हजार ७४४ र स्थानीय उपभोक्ताबाट रु एक लाख ३९ हजार २३० लागत साझेदारी रहेको छ ।

एक सय २० मिटर लम्बाइको पुल निर्माणपछि यहाँका एक सय ५६ घरका नौ सय ३६ जना लाभान्वित भएका छन् ।

# चाडपर्वमा सर्वसाधरणको सुरक्षाका लागि चार हजार बढी प्रहरी परिचालित

**रासस**
काठमाडौं, ४ असोज

जिल्ला प्रहरी परिसर काठमाडौंले यस वर्षको दसैं, तिहारलगायत चाडपर्वलाई लक्षित गर्दै परिसर प्रमुखको कमाण्डमा चार हजार ७३८ जना प्रहरी परिचालन गर्ने भएको छ ।

काठमाडौं उपत्यकामा दसैं, दिपावली तथा छठ पर्वलाई सुरक्षित, मर्यादित बनाउन तथा अप्रिय घटना हुन नदिन चार प्रकारका सुरक्षा रणनीति तय गरी प्रहरी परिचालन गर्ने तयारी गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “दसैं, दिपावली तथा छठ पर्वलाई सुरक्षित, मर्यादित बनाउन सुरक्षाका लागि दसैंमा परिसर प्रमुखको कमाण्डमा चार हजार ७३८ जना जनशक्ति खटिने छन् । ९१ स्थानमा पिकेट ड्युटी परिचालनका लागि तीन सय ६४ जना प्रहरी परिचालन गरिने छ ।”

यसैगरी काठमाडौंमा नागरिक सहायता कक्ष १४ स्थानमा राख्ने योजना रहेको जनाउँदै हाल तीन ठाउँमा बल्खु, कङ्लकी र नयाँबसपार्कमा सञ्चालन गरी ७२ जना जनशक्ति परिचालित रहेका प्रवक्ता बोहराले बताउनुभयो । उहाँका अनुसार १४ एरिया विभाजन गरिएको छ । उहाँका अनुसार पूजापाठ हुने स्थान, टिकट बिक्री हुने स्थान, खसीबोका खरिद बिक्री हुने स्थान, सपिङ सेन्टर तथा महल, गरगहना पसलमा विषेश सुरक्षा प्रदानसहित सादा पोसाकका प्रहरी परिचनलन गरिने छ । दसैं, तिहारलगायत चाडपर्वमा चोरी, पकेटमारी, लुटपाट, कुटपिटलगायत घटना बढी हुने भएकाले सादा पोसाकका प्रहरी उल्लेख्य मात्रामा परिचालन गर्ने तयारी गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । यसैगरी क्यूआरटी टोली, मोबाइल टोली, मोटरसाइकल क्यूआरटी टोली खटिने जनाइएको छ ।

परिसरले तयार गरेको सुरक्षा योजनामा व्यक्तिका घरको सुरक्षा गर्ने योजनासम्म समावेश गरिएको छ । दसैंमा लामो समयसम्म घर छाड्ने भए विश्वासिला व्यक्तिलाई जिम्मा लगाएर वा नजिकको प्रहरीलाई खबर गरेर जान पनि प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

# ‘राष्ट्रकवि माधवप्रसाद घिमिरे’ पुरस्कार प्राध्यापक कँडेललाई

**रासस**
काठमाडौं, ४ असोज

राष्ट्रकवि माधवप्रसाद घिमिरे पुरस्कार प्राध्यापक घनश्याम कँडेललाई प्रदान गरिने भएको छ । मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले यसवर्षको राष्ट्रकवि माधवप्रसाद घिमिरे पुरस्कार प्राध्यापक कँडेललाई प्रदान गर्ने निर्णय गरेको हो ।

प्रतिष्ठानको पुरस्कार छनोट समितिको बैठकले रु एक लाख नगद राशिको उक्त पुरस्कार प्राध्यापक कँडेललाई प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष विजयराज न्यौपानेले जानकारी दिनुभयो । पुरस्कार छनोट समितिमा प्रतिष्ठानका अध्यक्ष न्यौपानेसहित विज्ञको तर्फबाट प्राडा लेखप्रसाद निरौला र राष्ट्रकविको परिवारका तर्फबाट प्राडा हेमाङ्गराज अधिकारी सदस्य हुनुहुन्थ्यो । धादिङ स्थायी घर हुनुभएका कँडेल संस्कृत, नेपाली र अङ्ग्रेजीका ज्ञाता हुनुका साथै छन्द साधना र कविता लेखनमा विशेष दख्खल राख्नुहुन्छ । प्राध्यापक कँडेलको खण्डकाव्य ‘धृतराष्ट्र’ खण्डकाव्यले विसं २०७३ मा मदन पुरस्कार प्राप्त गरेको थियो । प्राध्यापक कँडेलले नेपाली शिक्षा परिषद्बाट भानुभक्त पुरस्कारसमेत प्राप्त गरिसक्नुभएको छ । उक्त पुरस्कार राष्ट्रकवि माधवप्रसाद घिमिरेको जन्मजयन्तीको अवसर पारेर असोज ७ गते प्रदान गरिनेछ । राष्ट्रकवि घिमिरेकी धर्मपत्नी महाकाली घिमिरे र उहाँका परिवारबाट दिइएको रकममा प्रतिष्ठानबाट केही रकम थप गरी रु २७ लाखको अक्षयकोष बनाइएको छ । सोही अक्षयकोषबाट प्राप्त हुने ब्याज रकमले उक्त पुरस्कार प्रदान गरिँदै आइएको प्रतिष्ठानका कोषाध्यक्ष लक्ष्मण थापाले जानकारी दिनुभयो । उहाँका अनुसार विगत तीन वर्षदेखि पुरस्कार प्रदान गरिँदै आइएको छ । उक्त पुरस्कारबाट यसअघि वरिष्ठ समालोचक प्राडा वासुदेव त्रिपाठी र वरिष्ठ गीतकार किरण खरेल सम्मानित भइसक्नुभएको छ ।

# जेनजी ...

पुऱ्याउने सङ्घले स्पष्ट पारेको छ । नेपाल निर्जीवन बीमा व्यवसायी सङ्घले प्रेस विज्ञप्ति जारी गर्दै देशभर जारी आन्दोलनका क्रममा ज्यान गुमाएका प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेको छ । आन्दोलनका क्रममा राष्ट्रपतिको भवन, संसद् भवन, सुरक्षानिकाय, प्रशासकीय संरचना, निजी सम्पत्ति, उद्योग, व्यापार, यातायातलगायतका भौतिक संरचनामा भएको क्षतिको गहिरो दुःख व्यक्त गर्दै सङ्घले बीमा कम्पनीलाई यस सङ्कटको समयमा दावी भुक्तानीलाई प्राथमिकतामा राखेर काम गर्न मातहतका निकायमा आह्वान गरेको छ । सङ्घका अध्यक्ष राजेन्द्र मल्लले बीमितले आफ्नो क्षतिको विवरणसहित आवश्यक कागजात चाँडो बीमा कम्पनीमा बुझाइ दावी प्रक्रिया सहज बनाउन अपिल गर्नुभएको छ । साथै, बीमा कम्पनीले पनि दावी भुक्तानी प्रक्रिया छिटो टुङ्गोमा पुऱ्याउने उद्देश्यका साथ काम गरिरहेको अध्यक्ष मल्लले बताउनुभयो । विसं २०७२ को भूकम्प र कोभिड महामारीपछिका अनुभवले बीमाको आवश्यकता र उपयोगितालाई गम्भीर रूपमा महसुस गराएको सन्दर्भमा, हालको परिस्थितिमा बीमा कम्पनीको सक्रियता सकारात्मक र आशाजनक देखिएको उहाँले बताउनुभयो ।

# ‘आइतबारको सूर्यग्रहण नेपालबाट नदेखिने भएकाले बार्नुपर्दैन’

**रासस**
काठमाडौं, ४ असोज

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यही असोज ५ गते आइतबार लाग्ने सूर्यग्रहण नेपालबाट नदेखिने भएकाले शास्त्रीय मान्यता अनुसार यसको कुनै सुतक नलाग्ने जनाएको छ ।

आश्विन कृष्ण औँसीका दिन आइतबार सूर्यग्रहण लाग्ने भएकाले सोह्र श्राद्ध गर्ने कि नगर्ने ? सुतक कति बजेदेखि लाग्छ ? लगायत प्रश्न धेरै वैदिक सनातन हिन्दू धर्मावलम्बीले गरेकाले नेपालबाट नदेखिने ग्रहण बार्नु नपर्ने र यसको कुनै दोष पनि नलाग्ने समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिनुभयो । नेपाली आकाशमा नदेखिने ग्रहण नेपालीले बार्नु नपर्ने शास्त्रीय वचन रहेको उहाँले बताउनुभयो ।

आश्विन कृष्ण औँसीका दिन आइतबार लाग्ने सूर्यग्रहण न्यूजिल्याण्ड, अष्ट्रेलिया, फिजी, टोङ्गा, अन्टार्टिकालगायत देशबाट मात्र देखिने जनाइएको छ ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# संविधान त बच्यो मर्म बचेन

नेपालको संविधान जारी भएको एक दशक पुरा भएको छ । संविधान कार्यान्वयन नहुँदा असन्तुष्टिले नवयुवालाई विद्रोहमा उतार्यो । भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले काङ्ग्रेस र एमाले गठबन्धनको सरकार हट्यो । देशका महत्त्वपूर्ण संरचना जलाइएको छासार्वजनिक सम्पत्ति तोडफोड र आगजनीमा खरानी भएका छन । नवयुवाहरुले ज्यान गुमाएका छन । हजार भन्दा बढी घाइते भएका छन । त्यही आन्दोलनका कारण अहिले सार्वभौमसत्ता सम्पन्न जनताकाको प्रतिनिधि मुलक संस्था प्रतिनिधिसभा विघटन भएको छ । अहिले संविधानले नदेखेको बाटोबाट अन्तरिम सरकार बनेको छ ।

संविधानलाई कुल्चेर क्षतविक्षत बनाइएको छ । देशभरि सार्वजनिक सम्पत्ति जलेको, देशका महत्त्वपूर्ण सम्पदा र सम्पत्ति जलाइएको र राज्यका सुरक्षा निकायबाट सुरक्षा पाउन नसकेको र आगजनी, तोडफोड र लुटपाट हुँदा पनि सेना मुकदर्शक बस्दा अराजक भिड र आपराधिक समुहले देखाएको वितण्डा देखेका दल र नागरिक समाजले संविधान बचेको छ भनेर आन्दोलनकारी र पुराना दलले संविधान दिवस मनाएका छन । क्षतविक्षत बनाईएको संविधान त छ तर आत्मा छैन । संविधान जारी गर्दा असन्तुष्ट दलहरु संविधानलाई स्वीकारेका त छन शर्त सहित । असन्तुष्ट पक्ष सबै सरकारमा सहभागी भएकामा मख्ख परेका दलहरु अहिले आफै घरको न घाटको भएका छन । संबिधानमा अपुरा कुरा थप्नु पर्ने माग समयमै सम्बोधन नहुँदा देशको अस्तित्व नै रहने हो कि होइन भन्ने अवस्था आएको छ । संबिधान आफैमा पूर्ण नहुने हुदा समय क्रममा संशोधन हुदै जाने दस्ताबेज हो । संबिधान संशोधनको मुद्दा उठाएर काङ्ग्रेस र नेकपा एमाले सरकारमा गए तर कार्यान्वयनमा चासो नदिंदा आन्दोलनकारीको तारोमा परे।पारिए।सम्पत्ति सखाप भयो ।

राजनीति सखाप पारिदैछ । दुई ठूला दल मिलेर सरकार बनाउनु संविधान संशोधनका लागि हो भन्ने भन्दा लुटेर खान हो भन्ने भाष्य निर्माण भयो ।त्यहो प्रचार गरेर नवयुवाको आन्दोलनबाट हिजोका माननीय भएका आज दयनीय बन्न पुगे।संविधानसभाबाट संविधान जारी गर्न नेतृत्व गरेका काङ्ग्रेस, एमाले संविधानप्रति जनविश्वास बढाउने कामको अगुवाइ गर्न सकेनन।संविधाको कार्यान्वयन गर्न प्रहरी ऐन, निजामती कर्मचारी ऐन, शिक्षा ऐन बन्नुपर्छ । काठमाडौं खाल्डो बाहेक देशका अन्य भागका जनतालाई नदेख्ने प्रबृत्ति अझै छ । अधिकार छोड्न नचाहने प्रबृत्तिले गर्दा संविधान विरोधमा आवाज उठेका हुन।जनताले सेवा प्रवाहमा सुधार चाहेका छन । काम गरेर खान पाउने अवस्था बनोस् भन्ने चाहना हो । हरेक क्षेत्रमा मौलाएको विकृति, विसंगति र ठगी रोकियो भने सरकार पनि छ भन्ने अनुभूति जनताले पाएनन। राजनीतिक स्थायित्व नभएपछि देशलाई प्रयोगशाला बनाउन चाहनेले संविधानलाई दोष दिएर वातावरण खल्बल्याउन पाएका छन।संविधान जिवन्त दस्तावेज भएको हुँदा त्यसमा संशोधन हुँदै जान सक्छ । नेपाली जनताले चुनेका प्रतिनिधिले बनाएको संविधान जोगाउन प्रतिनिधिसभाको फागुन २१ गते निर्वाचन हुनैपर्छ । नेपाली जनताको भ्रष्टाचार अन्त्य, सुशासन, दिगो शान्ति र राजनीतिक स्थिरताको चाहनालाई केही हदसम्म पुरा गर्छ । संविधानले संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गरेको छ ।

सार्वभौमसत्ता राज्य शक्तिको श्रोत जनता नै हुन् भन्ने संविधानले स्थापित भएको छ । समानुपातिक, समावेसी प्रतिनिधित्वलाई संविधानले अंगीकार गरेको छ । देश धर्मनिरुपेक्ष भएको छ । विभिन्न जातीय समुदायको संसदमा प्रतिनिधित्व सुनिश्चित छामहिला सहभागिता लाई उत्कृष्ट नै मान्नुपर्छ । प्रतिनिधिसभामा र प्रदेश सभामा एक तिहाइ महिलाको प्रतिनिधित्व भइसकेको छ। प्रत्यक्षमा पनि एक तिहाइ महिलालाई उमेदवार बनाउन र निर्वाचित हुने अवस्था ठूला दलले गर्नुपर्छ । स्थानीय तहमा करिब ४० प्रतिशत प्रतिनिधित्व छ। संविधानका धेरै पक्ष आधुनिक लोकतान्त्रिक मुलुकले अपनाउने अधिकार समावेश छन् । समाजवाद उन्मुख संविधानले नै मौलिक हकहरुको व्यवस्था गरेको छ, । केही कानुन समेत वनिसकेका छन् । नेपालमा वनेका ७ वटा संविधान मध्ये ६ वटा संविधान जनताले आफै बनाएका थिएनन् । केहि विज्ञले तयार पारेर राजा महाराजले जारी गरेका थिए। संविधानसभाले जारी गरेको संविधान अरु संविधानभन्दा धेरै फरक छ। यसमा जनताको व्यापक सहभागिता छ । संविधान सभाका लागि हजारौ नेपाली जनताले आफ्नो जीवन उत्सर्ग गरेका छन् । वषौदेखिको आन्दोलन, संघर्ष, तपस्याको फल संविधान सभाबाट संविधान घोषणा हो । विश्वका अन्य मुलुक जस्तै लोकतान्त्रिक सहभागिता मुलक संविधान बनेको छ । विश्वका धेरै मुलुकले नेपालको संविधानलाई स्वागत गरेका छन् । छिमेकी मुलुक भारतले पनि व्यवहारबाट स्वागत गरेको छ ।भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीलाई फोन गरेर बधाई दिंदै संविधान दिवसको शुभकामना दिएका छन। संविधान गतिशील दस्तावेज हो । यसलाई पारिमार्जन गर्न सकिन्छ । यो संविधानले ग्यारेन्टी गरेको छ । अव देशलाई नवनिर्माण गर्न ,समृद्धिको दिशामा अघि बढाउन, संविधान कार्यान्वयन गर्न राष्ट्रपति रामचन्द्र पौडेल , प्रधानमन्त्री सुशीला कार्की ,प्रधानन्यायाधीश सहितको सर्वोच्च अदालत , राजनीतिक दलहरू , नवयुवा समूह जेनजी र नागरिकको भूमिका महत्वपूर्ण हुन्छ ।

सत्ताको आडमा संविधान कुल्चने, कानुनको पालना नगर्ने र अराजकता निम्त्याउन खोजिएको छ। यस्तै शैलीले गर्दा समयमा चुनाव नहुने र जेनजी आन्दोलनको उपलब्धि खेरजान सक्छ। जनताले खोजेको आर्थिक विकास र समृद्धीको बाटोमा जानको लागि गलत चिन्तन र संस्कार वोकेका विरुद्ध जनतालाई परिचालित गर्नुपर्ने खाचो छ । नेपालमा राजनैतिक स्थिरता कायम गर्दै जनताको आर्थिक विकास र सम्वृद्धिको बाटोमा लाग्नु संविधानको मुल मर्म हो । सधै अरुको खेलौना बन्ने काम छोडेर जनताको चाहनाको पुरा गर्ने तर्फ लाग्नु संविधानको पालना र कार्यान्वयन हो । सबैलाई संविधान पालना गर्ने र लोकतान्त्रिक आचरण देखाउन सकेमा संविधान कार्यान्वयन हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'समयमै रोगको पहिचान गरे मिर्गौला बचाउन सकिने'

रासस
काठमाडौं, ४ असोज

समयमै मिर्गौला रोगको पहिचान गरे ९० प्रतिशत मिर्गौला बचाउन सकिने एक अध्ययनले देखाएको छ ।

वीर अस्पतालमा पछिल्लो ५०० जना मिर्गौला बिग्रेर निकालिएका बिरामीहरूमाथि गरिएको अध्ययनले ९० प्रतिशत मिर्गौलाका बिरामीले समयमै उपचार गरेको भए बचाउन सकिने देखिएको हो । उक्त अध्ययन सोही अस्पतालले गरेको थियो । अस्पतालका युरोसर्जरी विभाग प्रमुख कन्सल्ट्यान्ट प्राडा रबिनबहादुर बस्नेतले ५०० जनामा ४७० जनाको मिर्गौला समयमा नै उपचार गरेको भएमा बचाउन सकिने अध्ययनमा देखिएको जानकारी दिनुभयो ।

तीमध्ये ३० जनाको मात्र मिर्गौला जोगाउन नसकिने अवस्थाको रहेको उहाँले बताउनुभयो । ती जोगाउन सकिने मिर्गौला जनचेतनाको कमीले नियमित जाँच नगर्दा जोगाउन नसकिएको उहाँको भनाइ छ । उहाँका अनुसार धेरैजसो मिर्गौलाका बिरामी पत्थरीका कारण हुने गरेका छन् । ५०० जनामा गरिएको अध्ययनमा ६५ प्रतिशत बिरामीमा पत्थरीको कारण मिर्गौला बिग्रिएको देखिएको छ । त्यसैगरी १५ प्रतिशत जन्मजात मिर्गौलाका बिरामी, १० प्रतिशतमा मिर्गौलाको क्यान्सर र चार प्रतिशतमा अन्य सङ्क्रमणले मिर्गौला बिग्रने गरेको अध्ययनले पुष्टि गरेको छ । पत्थरीले पिसाब आउने बाटो बन्द गरिदिन्छ र पिसाब थैलीमा पिसाब नआए मिर्गौला फुल्लिँदा मिर्गौला बिग्रने गर्दछ । यसरी एउटा मिर्गौला फुल्लिए पनि अर्को मिर्गौलाले काम गर्ने हुँदा बिरामीले मिर्गौला फुल्लिएको थाहा पाउँदैनन, जसले गर्दा अर्को मिर्गौला बिग्रने चिकित्सकहरूको भनाइ छ । जन्मजात मिर्गौलाको पिसाब थैलीमा जाने मुख बन्द भए पनि मानिसको २० देखि ३० वर्षको बीचमा मिर्गौला बिग्रने प्राडा बस्नेतले बताउनुभयो । संसारमा एकदेखि चार प्रतिशत मानिसको एउटा मात्र मिर्गौला हुने गर्दछ ।

पानी कम खानाले, मधुमेहका बिरामी, मद्यपानका कारण मिर्गौला बिग्रने गर्दछ । 'पेनकिलर' औषधि (आइबुप्रोफेन, निमेसुलाइड) आफूखुसी खाँदा पनि मिर्गौला बिग्रने गर्दछ । वीर अस्पतालमा मिर्गौला बिग्रेका ५०० जनामध्ये २२० जना पहिलोपटक अस्पताल आएको प्रमुख कन्सल्ट्यान्ट प्राडा बस्नेतले जानकारी दिनुभयो । अध्ययनअनुसार पुरुषको तुलनामा महिलाको बढी मिर्गौला बिग्रने समस्या देखिएको छ । उहाँका अनुसार पुरुषको तुलनामा महिलामा डेढ गुणा बढी मिर्गौला बिग्रने गरेको छ । उहाँले मिर्गौला बचाउनका लागि जीवनशैलीमा परिवर्तन गर्नुपर्ने बताउनुभयो । पानी दिनमा तीन लिटर पिउने, मोटोपन घटाउने, फलफूल प्रशस्त खाने, नियमित मिर्गौलाको जाँच गर्ने गर्नुपर्दछ ।

# यस्तो छ विभिन्न देशका लागि दसैँको टीका लगाउने साइत

रासस
काठमाडौं, ४ असोज

अन्तरराष्ट्रिय पञ्चाङ्ग निर्णय समितिले विभिन्न देशका लागि विजयादशमीको टीका लगाउने शुभ साइत सार्वजनिक गरेको छ ।

समितिको आज यहाँ बसेको बैठकबाट विभिन्न देशका लागि शुभ साइत सार्वजनिक गरेको समितिका सदस्य सचिव आचार्य लक्ष्मण पन्थीले जानकारी दिनुभयो ।

विभिन्न देशमा बसोबास गर्ने वैदिक सनातन हिन्दू धर्मावलम्बीहरूबाट दसैँ टीकाको साइतबारे जिज्ञासा राखिएकाले तिथ्यादिको स्थानीयमानअनुसार सम्बन्धित देशको स्थानीय समयअनुसार शुभ साइत सार्वजनिक गरिएको उहाँले बताउनभयो । समितिले नेपालका लागि असोज १६ गते बिहान ११:५३ बजे, दिल्ली, भारतका लागि सोही दिन अर्थात् २ अक्टोबरका दिन ११:४९, न्युयोर्क अमेरिकाका लागि अक्टोबर १ का दिन बिहान ११:२५, फ्र्याङ्कफर्ट केन्टुकी अमेरिकाका लागि बिहान ११:५७, वोवेन्स्वोरो केण्टुकी अमेरिकाका लागि अक्टोबर ११:०५, टेक्सासका लागि अक्टोबार ११:३३, वासिङ्गटन डिसीका लागि ११:३५, क्यालिफोर्नियाका लागि बिहान ११:११, कोलोराडोका लागि ११:२९ बजेको साइत शुभ रहेको समितिका अध्यक्ष प्रा डा माधव भट्टराईले जानकारी दिनुभयो । यसैगरी, टोरेण्टो क्यानडाका लागि १ अक्टोबरका दिन बिहान ११:५५, भ्यानकुभरका लागि ११:३३, टोकियो जापानका लागि २ अक्टोबरका दिन बिहान ११:३१, सिड्नी अष्ट्रेलियाका लागि २ अक्टोबरका दिन बिहान ११:४३, मेलबर्न अष्ट्रेलियाका लागि सोही दिन बिहान ११:१९, व्रीसवेन अष्ट्रेलियाका लागि बिहान ११:५३, एडिलेटका लागि ११:३५, क्यानबेराका लागि ११:५१, तास्मानियाका लागि ११:४५, पर्थका लागि ११:२५ र डार्बिन अष्ट्रेलियाका लागि बिहान ११:४७ बजेको साइत शुभ रहेको छ। यस्तै, बेलिङ्गटन न्यूजिल्यान्डका लागि २ अक्टोबरका दिन बिहान ११:२३, लिस्बन पोर्चुगलका लागि सोही दिन बिहान ०९:२३, लण्डन बेलायतका लागि बिहान ०९:१७, पेरिस, फ्रान्सका लागि बिहान ०९:५७, नर्वेको ओस्लोका लागि बिहान १०:०३, क्वालालम्पुर मलेसियाका लागि बिहान ११:११, अवुधावी युएइका लागि बिहान १०:५५, दोहा कतारका लागि बिहान १०:१३, बैंकक थाइल्याण्डका लागि बिहान १०:४५, सियोल दक्षिण कोरियाका लागि बिहान १०:५७, तेल अभिभ इजरायलका लागि बिहान ११:३५, सिङ्गापुरका लागि बिहान ११:०९, हङ्कङ्गका लागि बिहान ११:४५, साउदी अरेबियाका लागि बिहान १०:५५, याङ्गून म्यानमारका लागि बिहान १०:२७, जेनेभा स्विट्जरल्याण्डका लागि बिहान १०:२५ र माल्टाका लागि बिहान १०:५५ बजेको साइत स्थानीय समय अनुसार शुभ रहेकाले प्रकाशन गरिएको समितिका उपसभापति प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो ।

# ली-बर्डको ३१ औं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज



जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)ले शनिबार पोखरा, कास्कीमा संस्थापक सदस्यहरू, साधारण सदस्यहरु, कार्यकारिणी वोर्ड र कार्यसमितिका प्रतिनिधिहरूको सहभागितामा आफ्नो ३१ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

कार्यकारिणी बोर्डका अध्यक्ष डा. प्रताप कुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कार्यकारिणी बोर्डका कोषाध्यक्ष रामकली खड्काले स्वागत मन्तव्य राख्नभयो । सभामा यस बर्ष सदस्यता प्राप्त गर्नुहने नयाँ सदस्यहरुको परिचय समेत गराइएको थियो ।

कार्यकारी निर्देशक श्री भरत भण्डारीले ली-बर्डको संस्थागत अवस्था, उल्लेखनीय पहल र उपलब्धीहरूबारे जानकारी प्रदान गर्नुभयो । साथै, गैर सरकारी क्षेत्रहरुलाई वर्तमान अवस्थामा आन्तरीक तथा वाह्य कार्य वातावरणमा भएका विभिन्न चुनौतीबारे जानकारी दिदै नितीगत पैरवी जरुरी रहेको जसमा गैरसरकारी संस्था महासंघको भूमिका अत्यावश्यक रहेको जानकारी दिनुभयो ।

सोही सभामा सामाजिक लेखा परिक्षणको प्रतिवेदनको प्रस्तुतीकरण गरियो । कार्यक्रममा सामाजीक लेखा परिक्षक प्रसीद्ध नेउपानेले सिन्धुली, सिन्धुपाल्चोक र कास्कीमा ली-बर्डद्धारा संचालित कार्यक्रममा फिल्ड अन्तक्रियाको आधारमा प्राप्त नतिजा समेतको समग्र सामाजीक परिक्षणको प्रस्तुतीकरण गर्नुभयो । सामाजीक लेखा परिक्षणको सवालमा आएका जिज्ञासाहरु कार्यकारी निर्देशक भरत भण्डारी तथा कार्यकारीणी वोर्डका अध्यक्ष डा. प्रताप कुमार श्रेष्ठले सम्वोधन गर्नुभयो । कोषाध्यक्ष रामकली खड्काले संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएकोमा सभाद्धारा अनुमोदन गरियो । कार्यकारिणी बोर्डका सचिब बेनी बहादुर बस्नेतले कार्यकारिणी बोर्डको वार्षिक प्रगती तथा आगामी कार्ययोजनाको प्रस्तुती गर्नुभएकोमा सभाद्धारा अनुमोदन गरियो । संस्थाले संस्थागत कोषको वृद्धिको लागि थालेका पहल जस्तै भुवन रत्न स्थापितको स्मृतिमा स्थापना गरिएको कृषि जैविक विविधता कोष, स्थानिय अन्वेषण कोषको बारेमा डा. प्रताप कुमार श्रेष्ठले सदस्यहरुलाई अवगत गराउनुभयो । साथै वदलिँदो परिवेशमा ली-बर्ड परम्परागत दातृ निकायमा मात्र सिमीत नभई संस्थाले आफ्नो पहिचानसंग सम्बन्धीत सहभागीतामलक अनसन्धान कार्यक्रम तथा संस्थाको निरन्तरता र बिकाशको लागि नयाँ तरिकाले कोष जुटाउनमा सम्पूर्ण सदस्यको साथ र सहयोग आवश्यक भएको जानाकारी गराउनका साथै सहयोग र सहभागीताको लागी आह्वान गर्नुभयो । साधारण सभा कार्यक्रम कार्यकारिणी बोर्डका सचिब श्री बेनी बहादुर बस्नेतले संचालन गर्नुभएको थियो । कार्यकारिणी बोर्डका अध्यक्ष डा. प्रताप कुमार श्रेष्ठले सबै सहभागी सदस्य, कर्मचारी साथै संस्थाका साझेदार, दातृ निकायलाई धन्यवाद दिँदै सभा समापन गर्नुभयो ।

# स्वास्थ्यचौकीको भवन जीर्ण हुँदा सेवा प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, ४ असोज



म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटमा रहेको स्वास्थ्यचौकीको भवन जीर्ण बनेपछि सेवा प्रभावित भएको छ ।

तीस वर्षअघि निर्माण भएको एक तले भवनको छानो चुहिन थालेपछि त्रिपालमुनि बिरामीको उपचार गर्नुपर्ने अवस्था छ । चौकीका प्रमुख अजित विकले बर्खायाममा पानी चुहिएर समस्या भएपछि त्रिपालले छाना छोपेर बिरामीको उपचार गर्ने गरिएको बताउनुभयो । "जीर्ण भवनमा पानी चुहिएर समस्या भएको छ । तीन वर्षयता बर्खामा त्रिपालमुनि बिरामी राखेर सेवा दिएका छौँ", उहाँले भन्नुभयो, "गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिरहेका छैनौँ । त्रिपाल थोत्रो भएकाले यसपालि पनि वडा कार्यालयसँग त्रिपाल माग गरेका छौँ ।" बिरामी जाँच, औषधि वितरणदेखि सामान्य उपचारसम्म जीर्ण भवनमै हुने गरेको छ । छानाबाट पानी चुहिने समस्या समाधान गर्न छानामा त्रिपाल ओढाएर अस्थायी व्यवस्था मिलाइएको छ । भवनमा भएका चार वटा कोठा साँघुरा छन् । यस वर्षदेखि प्रसूति सेवा पनि सुरु गरेको स्वास्थ्यचौकीमा मासिक १५० देखि २०० जनाले सेवा लिने गरेका छन् । निस्कोट स्वास्थ्यचौकीको भवन विसं २०५० मा निर्माण भएको थियो । मालिका गाउँपालिका-१ निस्कोटका वडाध्यक्ष टङ्कप्रसाद पुनले जग्गाको अभावमा स्वास्थ्यचौकीको भवन निर्माण प्रक्रिया अघि बढाउन नसकेको बताउनुभयो ।

# हुम्ला आउन छोडे चिनियाँ च्याङ्ग्रा

रासस
काठमाडौं, ४ असोज

कोरोना सङ्क्रमण भएपछि सदरमुकाम सिमकोटसहित हुम्लाभरि चिनियाँ च्याङ्ग्रा आउन छोडेका छन् । कुनै समय दसैँ, तिहारलगायत पर्वमा सुरु हुन लाग्दा सदरमुकाम सिमकोटसहित हुम्लाभरिका गाउँघरमा चिनियाँ च्याङ्ग्रा मात्रै हुने गर्दथे ।

विसं २०७७ को कोरोना सङ्क्रमणका बेला यहाँ चिनियाँ च्याङ्ग्रा भित्रिन नसक्दा सर्वसाधारणले स्थानीय खसीबोका खरिद गरेर विभिन्न पर्व मनाउँदै आएका छन् । छ वर्ष यतादेखि चिनियाँ च्याङ्ग्रा हिल्सा नाका भएर सदरमुकाम सिमकोट पुग्न नसकेपछि स्थानीय खसीबोकाको माग बढ्दै गएको व्यापारी बताउँछन् ।

गत वैशाख १८ गतेदेखि नेपाल र चीनको सिमाना हिल्सा नाका पूर्ण रूपमा सञ्चालनमा आए पनि चीनमा खसीको मूल्य महँगो हुँदा हुम्ला भित्रिन नसकेको खसी व्यापारी धनजित भण्डारीले बताउनुभयो । उहाँका अनुसार चीनमा यो वर्ष चिनियाँ च्याङ्गाको मूल्य रु ३० हजारदेखिमाथि पर्ने गरेको छ ।

चिनियाँ च्याङ्गाको मूल्य आयात गर्न महँगो पर्ने भएकाले यहाँका व्यापारीले ल्याउन नसकेका भण्डारीले बताउनुभयो । "चीनमा महँगो परेपछि यता फाइदाका लागि बढी मूल्यमा बिक्री गर्नुपर्ने भएकाले बिक्री हुन मुस्किल पर्छ । यसरी बिक्री गर्दा फाइदा नहुने भएपछि चीनबाट चिनियाँ च्याङ्ग्रा ल्याउन छाडिइको हो", उहाँले भन्नुभयो । विगतका वर्षहरूमा चीनको ताक्लाकोट, पुराङ्काउण्टीलगायत क्षेत्रमा हुम्लाका व्यापारी पुगेर चिनियाँ च्याङ्ग्रा खरिद गरी ल्याएर बिक्री गर्नेमा पछिल्ला वर्षमा यो क्रम घट्दै गएको खसी व्यापारी भण्डारीले उल्लेख गर्नुभयो । हुम्ला पुग्ने ताक्लाकोट, पुराङ्काउण्टीमा च्याङ्ग्रा पाउन छाड्नुका साथै महँगो पर्ने भएकाले आयात गर्न समस्या हुने उहाँको भनाइ छ ।

छ वर्षअघि हिल्सा, लिमी, चुवाखोला, टाके, नेक्पालगायत नाकाबाट चिनियाँ च्याङ्ग्रा यहाँ भित्रिने गरेकामा पछिल्ला वर्षहरूमा आउन छोडेका हुन् । दसैँ नजिकिँदै यसपाली चिनियाँ च्याङ्ग्रा आउने सम्भावना पनि टर्दै गएको छ । चिनियाँ च्याङ्ग्राभेँडा ल्याउन कसैले पनि चासो नदिएका भण्डारीको भनाइ छ । यसपालि दसैँका लागि चिनियाँ च्याङ्ग्राभेँडा आउने सम्भावना अत्यन्त न्यून छ । आजको दिनसम्म च्याङ्ग्रा आयातका लागि हिल्सा भन्सारमा एउटा पनि स्वीकृति माग नभएको सोही कार्यालयका प्रमुख रामराज जैसीले बताउनुभयो ।

# अस्पताल भवन ३ वर्षदेखि अलपत्र

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ असोज

स्याङ्जाको वालिङ नगरपालिकाको-१ यवादीमा आयुर्वेद अस्पताल निर्माण कार्य अलपत्र परेको छ।

ठेकेदारको लापरवाहीले भवन निर्माण कार्य अलपत्र परेको हो। २०७९ सालमा शिलन्यास भएको उक्त अस्पतालको भवन निर्माण कार्य अलपत्र पर्दा भवन खडहरमा परिणत हुन लागेको छ। सेफ इन्जिनियरिङ विल्डर्स चितवनले १५ महिनामा सम्पन्न गर्ने गरी २०७९ भदौमा सुरु भएको निर्माण कार्य हालसम्म सकिएको छैन। ३ वर्ष पुरा भैसक्दा पनि भवन निर्माणको काम सक्ने गरी निर्माण कम्पनीले काम अगाडि बढाएको छैन।

एकसरो भवनको संरचना निर्माण भएता पनि अन्य काम अलपत्र अवस्थामै छ। उक्त अस्पताल २०७७ सालमै निर्माण सुरु गर्न लागिएको अवस्थामा जग्गा अपुग हुने देखिएपछि जग्गा थप गरी ०७९ बाट निर्माण आरम्भ गरिएको हो। दुई करोडको लगानीमा १८ कोठे आयुर्वेदिक अस्पताल बन्ला र सहज उपचार सेवा पाइएला भन्ने स्थानीयको सपना अपुरै छ। अस्पताल निर्माणमा सहयोग गर्न सबै पक्षसँग आग्रह गरिएकोमा



अहिलेसम्म कुनै सुनुवाइ नभएको स्थानीयवासीले गुनासो गरेका छन्। ठेकेदारको लापरवाहीका कारण अस्पताल खण्डहर हुने अवस्थामा पुगेको वडाध्यक्ष पदमराज गुरुङले बताए।

अस्पताल संरक्षण समितिका अध्यक्ष समेत रहेका गुरुङले झण्डै दुई करोडको आयोजना अलपत्र र लथालिङ्ग अवस्थामा रहेको बताए। हामीले पटक पटक ठेकेदारलाई ताकेता गर्दा पनि कुनै सुनुवाई गरेनन्। हामीले शहरी विकास कार्यालय पोखरालाई पनि कामको अनुगमन गरी ठेकेदारलाई कारवाही गर्न माग गरेका छौं। ठेकेदारको हेलचेक्राइले गर्दा निर्माण कार्य अघि बढ्न नसकेको गुरुङ्ले बताए। अस्पतालको सेवा प्रभावकारी बनाउने योजना अपुरो भवन बाधक बनेको उनको भनाई छ। 'शिलन्यास गरेको लामो समय बितिसक्दा पनि ठेकेदारले चासो नदिँदा अस्पताल निर्माण अघि बढ्न सकेको छैन्।' वडाध्यक्ष गुरुङ्ले भने, 'निर्माण कार्य अघि बढ्न नसक्दा बर्सेनि आउने बजेट पनि फ्रिज हुँदै गएको छ।' ३ वर्ष अघि शिलन्यास गरिएको भएपनि अस्पताल निर्माणको काम ५ वर्ष अघिदेखि सुरु भएको हो, तर हालसम्म पनि अलपत्र अवस्थामै रहेको उनले बताए। नयाँ भवनको काम सकिए जनशक्ति व्यवस्थापन गरेर उपचार सेवा प्रभावकारी बनाउनहुन्थ्यो तर कहिले भवन बन्छ ? भवन बन्ने टुंगो छैन। ठेकेदारले निर्माणमा ढिलाई गर्दै कृतिम बाहाना बनाउने प्रवृत्ति देखाएको अस्पतालका प्रमुख हरी अर्यालको गुनासो छ। थोरैथोरै काम गर्दै म्याद थप्दै गरेको निर्माण कम्पनीले कहिलेसम्म काम सम्पन्न गर्ने हो कुनै टुंगो छैन अर्यालले भने।

भवन निर्माण भएकै स्थानमा यसअघि आयुर्वेद अस्पताल संचालनमै थियो। तर अब बन्ने अस्पतालबाट बाथ रोगीका लागि स्टिम बाथ, मसाज, बिरामी परीक्षण, औषधी उपचार, जडिबुटी नमुना संकलन र पन्चकर्म सेवा संचालन हुने बताईएको छ।

भवन शहरी विकास तथा भवन निर्माण संघीय आयोजना कार्यान्वयन इकाई कास्कीद्धारा टेण्डर आव्हान भै निर्माण सुरु भएको हो। अस्पतालका लागि जग्गा स्थानीय स्व. भिमबहादुर पाण्डे र उनका छोराहरु कुमार पाण्डे, कल्याण पाण्डे र दिपेन्द्र पाण्डेले निशुल्क प्रदान गरेका थिए। भवनको नर्माण कार्यमा ढिलाई भएको विषयमा बुझ्न निर्माण कम्पनीका सुर्यप्रसाद पौडेललाई सम्पर्क गर्दा सम्पर्क हुन सकेन।

# डिएलएलआई अन्नपूर्णटिमद्धारा बगर प्रहरीलाई डाईनिङ टेबल र कुर्चि सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

लायन्स क्लब इन्टरनेशनल ३२५ आई नेपालले आयोजना गरेको डिष्ट्रिक लायन्स लिडरशीप इन्स्टिच्युट (डिएलएलआई) २०२५ को अन्नपुर्ण टिम गण्डकी एरियाले भदौ २४ गतेको आन्दोलनमा जलेको वडा प्रहरी कार्यालय बगारलाई एक सेट डाईनिङ टेबल र कुर्चि हस्तान्तरण गरेको छ।

ि ड ि ष ट ् क क ा पिआरओ इन चिप लायन ऋषि गिरीको बिशेष उपस्थितीमा डिएलएलआई गण्डकी एरिया अन्नपूर्ण टिमबाट लायन्स क्लब अफ पोखरा डल्फिन (अध्यक्ष सुरेन्द्र बराल), पेन्गुईन(अध्यक्ष सुवास अम्गाई), गृहक्ष्लमी (अध्यक्ष अन्जना जोशी गोशली) अमरबुद्ध (अध्यक्ष इन्दिरा पौडेल), एभरेष्ट (अध्यक्ष धुब्रराज थापा), पोखरा गुडवील (अध्यक्ष राजेन्द्र शर्मा), न्यूभिजन (अध्यक्ष राजु सुनार) र लमजुङ्ग टुगेदर वी क्यान (अध्यक्ष बिन्दु माया कुमाल) को संयुक्त पहलमा सहयोग स्वरुप डाईनिङ्ग टेबल र कुर्चीहरु बगर प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको हो। डिष्ट्रिक




आईले हरेक बर्ष आयोजना गर्ने डिष्ट्रिक लायन्स लिडरशीप इन्स्टिच्युट (डिएलएलआई) मा सहभागी भएका गण्डकी एरियाका लायन्स क्लबहरुले गरेको सहयोगले आफूहरुमा थप उत्साह र सहज महसुस भएको वडा प्रहरी कार्यालय बगरका निमित्त कार्यालय प्रमुख यन बहादुर कुँवरले बताउनुभयो। उहाँका अनुसार स्थानीयहरुको धेरै सहयोग र साथले चौकीलाई पुनःस्थापना गर्न सहयोग भएको छ। चौकी जलेर पूर्ण नष्ट भएको छ। भएका सवारी साधन, खाद्यन्न लगागतका सबै सामाग्रीहरु नष्ट भएपनि स्थानीयहरु, सहयोगी दाताहरुको सहयोगमा आवश्यक कुराहरु बिस्तारै परि पूर्ति हुँदै गएको सामुदायिक सेवा केन्द्र एवं प्रहरी सेवा बगरका अध्यक्ष रामप्रसाद अधिकारीले बताउनुभयो। उहाँका अनुसार यो संकटको बेला प्रहरी चौकी नै सार्ने की भन्ने आवाज उठे पनि स्थानीयहरुको सहयोगका कारण सफल हुन सकेन।

लायन्स क्लब भनेकै यस्तै आपत बिपतको बेला साथी जस्तै सहयोगी बनेर आउने संस्था भएकाले यो अन्नपूर्ण टिम गण्डकी एरियाको काम निर्कै प्रशंसनिय भएको लायन ऋषि गिरीले बताउनु भयो। अझ केही समस्या भए वा आवश्यक कुराहरुबको अभावले शुरक्षा निकायहरुलाई गाह्रो भएको भए लायन्स क्लबसंग सहयोग माग्न समेत उहाँले आग्रह गर्नुभयो।

# गीतमा 'जेनजी' चेतना मुखरित

पोखरापत्र संवाददाता
गण्डकी, ४ असोज

'भ्रष्टाचार हामी सहन्नौं कहिल्यै
सहन्नौं घुसखोरी
यो देशको मुहार फेर्नलाई आयौं
जनताका छोराछोरी...'

हालैको 'जेनजी' आन्दोलनले उठाएको माग र मुद्दालाई गायक विनम्र खत्रीले गीतमा यसरी मुखरित गर्नुभएको छ। बिहीबार युट्युबमा सार्वजनिक 'हामी जेनजी पुस्ता' गीतमा उहाँले 'जेनजी' पुस्ताको मनोभावलाई उजागर गर्नुभएको हो। भ्रष्टाचार अन्त्य, सुशासन र आर्थिक समानताको मागसहित सुरु भएको 'जेनजी' आन्दोलनको उद्देश्य हिंसा र अराजकता नभएकोतर्फ इङ्कित गर्दै गायक खत्री भन्नुहुन्छ -

'विध्वंस हाम्रो नीतिमा छैन,
न नीति लुट्ने धन
जनताको मर्म बुझ्दछ
जसले उसैलाई समर्थन...'

गीतमा राष्ट्रियता र देशप्रेम झल्किएको छ। युवाहरूका आकाङ्क्षा र अठोट प्रतिबिम्वित छ। 'जेनजी' आन्दोलनका क्रममा सहिद भएकाहरूको बलिदानलाई खेर जान नदिने सङ्कल्प छ। गीतले भन्छ - 'हजुरबुबा तपाइँले देख्नु'भो नातिको बलिदान
जानलाई खेर दिँदैनौ हामी
साथीको बलिदान...'

मुलुकमा व्याप्त बेथिति र विसङ्गतिका विरुद्ध सडकमा ओर्लिएका 'जेनजी' पुस्ताको आवाजलाई गायक खत्रीले गीतमा माध्यमबाट प्रस्तुत गर्नुभएको छ। युवा भविष्यका कर्णधार मात्र नभई वर्तमानका साझेदार हुन् र उनीहरू नै भोलिको देश हाँक्ने पिँढी हुन् भन्ने यथार्थलाई गीतले आत्मसात् गरेको छ। गीतमा प्रयुक्त शब्दमा युवाको देशप्रेमको भाव यसरी प्रस्फुटित भएको छ -

'हिम्मत कहिल्यै हार्दैनौं
हामी न कहिल्यै थाक्नछौं
माटोको कसम खाएर देशको
शिर उच्च राख्नछौं...'

'सुमधुर क्रियसन'ले प्रस्तुत गरेको उक्त गीतमा शब्द र सङ्गीत गायक विष्णु खत्रीले दिनभएको छ। उहाँकै युट्युब च्यानलबाट सार्वजनिक गीतले हालसम्म २१ हजार बढी 'भ्यूज' पाएको छ। विमल चिनालले गीतको सङ्गीत संयोजन गर्नुभएको छ।

गायक विनम्र खत्रीलाई स्वरमा अमरदीप विसी, सुदीप सिञ्जाली मगर, निर्मला मगर र रुवी सिञ्जाली मगरले साथ दिनुभएको छ।

# सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि नौ अर्ब ८० करोड निकासा

रासस
काठमाडौं, ४ असोज

सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान भुक्तानीका लागि अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैङ्कलाई रु नौ अर्ब ८० करोड निकासा गर्ने निर्णय गरेको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार चालु आर्थिक वर्षको दोस्रो त्रैमासको सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि छुट्याइएको रकम पहिलो त्रैमासमा निकासा गर्ने निर्णय मन्त्रिस्तरबाट भएको हो। "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित रकमलाई कार्यक्रम संशोधनमार्फत पहिलो त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैङ्कलाई सोधभर्ना उपलब्ध गराउन आज अर्थमन्त्रिस्तरीय निर्णय भएको छ", अर्थ मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ। नेपाल राष्ट्र बैङ्कले लामो समयदेखि बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सरकारबाट पाउन सकेको थिएन। यो रकम निकासा भएसँगै कर्जा विस्तारका लागि थप सहज हुने अनुमान गरिएको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा रु पाँच करोडसम्म, महिला उद्यमशील कर्जा तथा स्टार्टअप उद्यम कर्जा रु २५ लाखसम्म उपलब्ध गराउन सक्ने व्यवस्था छ।

त्यसैगरी वैदेशिक रोजगारबाट फर्केका युवा तथा शिक्षित युवा परियोजनाका लागि रु २० लाख बराबर सहुलियतपूर्ण कर्जा उपलब्ध गराइँदै आएको छ। प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाका रूपमा रु पाँच लाख बराबर कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउने यस्तो सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ।

# नागढुङ्गा सुरुङमार्गबाट यात्रुवाहक सवारीसाधन बाहिरिन पाउने

रासस
काठमाडौं, ४ असोज

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले चाडबाड लक्षित यातायात व्यवस्थापन सहज बनाउन र सडक सुरक्षाका विषयमा शनिबार सरोकारवालासँग छलफल गर्नुभएको छ।

छलफलपछि मन्त्री घिसिङले चौबिसै घण्टा यात्रुलाई सडक अवस्थाबारे जानकारी दिन र गुनासो सुन्न तथा त्यसको व्यवस्थापनका लागि निर्देशन दिनुभयो। त्यसैगरी बाढी पहिरोले अवरुद्ध सडकहरू तत्काल सञ्चालनमा ल्याउन पनि निर्देशन दिनुभएको छ। बैठकमा काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारीसाधनहरूमध्ये सार्वजनिक सवारीसाधनहरू नागढुङ्गा-सिस्नेरी-सुरुङमार्गबाट बाहिर जाने व्यवस्था मिलाउने र दसैंपछि त्यस्ता सवारीसाधनहरू प्रवेशसमेत गर्न पाउने व्यवस्था मिलाउन छलफल भएको घिसिङको सचिवालयले जनाएको छ। काठमाडौं उपत्यकाको नयाँ बसपार्क तथा मुलुकका विभिन्न राजमार्गमा सुरक्षा व्यवस्था चुस्त-दुरुस्त बनाउन प्रहरी गस्ती तथा प्रहरी सङ्ख्या थप गराउन नेपाल प्रहरीलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय बैठकले गरेको छ।

राजमार्गहरूको कमजोर अवस्था तथा यात्रुवाहक सवारीसाधनहरूको आवागमनलाई प्राथमिकता दिनुपर्ने भएकाले बुटवल-नारायणघाट सडकको दाउन्ने खण्डमा दसैं अवधिभर लागू हुनेगरी ठूला भारबहन सवारीसाधनहरू (१२ चक्के र सोभन्दा माथि) सञ्चालन नगर्न/नगराउन अनुरोध गर्ने निर्णय गरिएको छ। उक्त सडकखण्डका लागि ख ा द्य ा न्न ल ग ा य त क ा अत्यावश्यक सामग्रीहरू ढुवानी गर्ने सवारीसाधनहरूलाई निरन्तर आवागमनको व्यवस्था मिलाउन भनिएको छ। मुलुकभरका मुख्य सडकहरूलाई चुस्त-दुरुस्त राख्न, सुधार गर्न/गराउन, पहिरोजन्य विपद्हरूको व्यवस्थापन गर्न आवश्यक सामग्री तथा यन्त्रहरूको व्यवस्थापन गर्न, बुटवल-नारायणगढ सडकको दाउने खण्डमा २४सै घण्टा दुईतर्फी यातायात सञ्चालन गर्न, नारायणगढ मुग्लिन सडक खण्डको तुइन खोलामा भएको अवरोध (पहिरो) हटाई तत्काल यातायात सञ्चालनमा ल्याउन र तातोपानी नाकालाई जोड्ने मुख्य सडक दसैंअगाडि सञ्चालनमा ल्याउनेगरी आवश्यक कार्य गर्न/गराउन बैठकले सडक विभागलाई निर्देशन दिएको छ।

आम नागरिकहरूलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न हुन अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्ने निर्णयसमेत भएको छ। मुलुकभरिको सडकहरूको अवस्था र सुरक्षालाई व्यवस्थित गर्न २४ घण्टा नै सञ्चालन हुनेगरी 'फोकल पर्सन' समेतको व्यवस्थापन गर्न/गराउन सडक विभागलाई निर्देशन दिइएको छ। आजको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, यातायात व्यवस्था विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक, नेपाल प्रहरी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका पदाधिकारीको उपस्थिति थियो।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय**
**पोखरा कास्की**

## शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति (२०८२।०६।०५ गते)

यस कार्यालयको आ.ब. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयलाई तपसिल बमोजिमको कार्य सञ्चालन गर्नको लागि वस्तु तथा सेवा खरिद गर्नुपर्ने भएकोले आधिकारिक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा अनुरोध छ ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण | लागत अनुमान मु.अ.कर वाहेक रु | विड सेक्युरिटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/NCB/SQ/ 2082/83/01 | तरल नाइट्रोजन प्लाण्ट सञ्चालन सेवा करार | जना | ३ | १५,३१,९१५।०० | ४०,०००।०० | पुन सूचना प्रकाशन गरिएको |
| NLBO/NCB/SQ/ 2082/83/02 | धानको सुख्खा पराल आपूर्ति (ढुवानी /भण्डारण समेत) | के.जी. | ११२५०० | १४,६९,७३४।५० | ५०,०००।०० | |
| NLBO/NCB/SQ/ 2082/83/03 | चौकिदार पाले सेवा करार | जना | ५ | १४,६९,७३४।५० | ३७,०००।०० | |

नोटः शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि शिलबन्दी दरभाउपत्र कागजातमा हेर्नुहुन वा कार्यालयको फोन नं ०६१-५०५३८९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

कार्यालय प्रमुख